# पढाइ सिप : व्यावहारिक प्रयोगको अवस्था

**देवीराम आचार्य**
**शाखा अधिकृत, शैक्षिक गुणस्तर परीक्षण केन्द्र**

## लेखसार

**भाषिक सिपका चार पक्षहरुमध्ये पढाइ सिप एक पक्ष हो । यो भाषिक सिकाइको ग्रहण गर्ने** (receptive) **सिपअन्तर्गत पर्दछ । विभिन्न अध्ययन अनुसन्धानहरुले नेपाली भाषाको पढाइ सिपमा अपेक्षित उपलब्धिहरू हासिल हुन नसकेको कुरालाई निष्कर्ष निकालेको पाइन्छ । विद्यालय तहमा भाषिक सिप सिकाइका दृष्टिले सुनाइ बोलाइका अभ्यासहरु कम हुने गरेकाले यस्तो निष्कर्ष आएको हुनसक्ने अनुमान गर्न सकिन्छ । भाषा सिकाइको शिक्षण सिकाइ प्रक्रिया पढाइ र लेखाइमा मात्र केन्द्रित हुने गरेको अवस्था छ । यसमा पनि पाठ पढाउने र पाठका आधारमा सोधिएका प्रश्नहरु र व्याकरणमा मात्र आधारित भएर समग्र शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुने गरेको पाइन्छ । यसले गर्दा अनुच्छेद पठनमा पढाइ सिपको गति** (speed) **र म्रो भए तापनि विद्यार्थीले पढेको अनुच्छेदबाट बोध** (comprehension) **गर्ने क्षमता कमजोर रहेको छ । यी सबै तथ्यहरुले विद्यालय तहको भाषिक सिकाइमा पढाइ सिप कमजोर अवस्थामा रहेको देखाउँछन् । यो आलेख पढाइ सिपको व्यावहारिक प्रयोगसँग सम्बन्धित रहेर गरिएको तथ्याङ्क सङ्कलन** (**प्राथमिक र द्वितीय स्रोत**) **र त्यसको व्याख्या विश्लेषमा आधारित रहेको छ ।**

## मुख्य शब्दावली

**पढाइ सिप** (reading skill), **सिकाइ उपलब्धि** (learning achievement), **पाठ्यक्रम** (curriculum), **पाठ्य पुस्तक** (textbook), **शिक्षण सिकाइ क्रियाकलाप** (teaching learning activities), **शिक्षण सामग्री** (teaching material) **।**

## पृष्ठभूमि

भाषा सिकाइअन्तर्गत कमजोर देखिएको पढाइ सिपले पछिल्लो समयमा धेरैको ध्यान केन्द्रित गरेको पाइन्छ । साधारण अर्थमा दिइएको कुनै पाठ वा अनुच्छेद पढ्नुलाई पढाइ सिपसँग आवद्ध गरेको पाइन्छ तर पढाइ सिप भनेको पाठ पढ्नुसँगभन्दा पनि पाठको सूचना वा जानकारी बोध गर्नुसँग हुन्छ । पाठ पढ्ने गति, त्यसको शुद्धता र बोध गर्ने दक्षता, अक्षर चिनारी, ध्वनि सचेतीकरण, शब्दभण्डार अभिवृद्धि पढाइसँग सम्बन्धित सिप (Research Triangle Institute, 2011) हुन् भने नक्सा, पोस्टर, सूचना पढ्ने र बोध गर्ने कुरा पनि पढाइ सिपमै पर्दछन् । हाम्रो पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षण सिकाइ पठनबोधमा मात्र केन्द्रित भएकाले नक्सा, पोस्टर, सूचना तथा विभिन्न नोटिस बोर्ड, चित्र, ग्राफ, अवस्थित नक्सा (location map) पढ्ने र त्यसबाट सूचना जानकारी लिने पढाइ सिप अपेक्षित मात्रामा विकास हुन सकेको छैन् । सबैका लागि शिक्षा विश्वव्यापी अनुगमन प्रतिवेदन २०१२ ले एसिया प्रशान्त क्षेत्रका २०० मिलियन प्राथमिक तहका बालबालिकाहरू, जो चार वर्षसम्म विद्यालयमा अध्ययन गरेका

छन् । तिनीहरूको पढाइ लेखाइ सिप अत्यन्त निराशाजनक भएको उल्लेख गरेको छ (युनेस्को २०१२) । नेपालमै पनि सेभ द चिल्ड्रेनले सन् २००९ मा कक्षा २ का २७२ जना विद्यार्थीमा गरेको अध्ययनमा ७९ प्रतिशत बालबालिकाले पढाइ सिपका उद्देश्य हासिल नगरेको देखाएको छ (RTI, International 2011) । यसैगरी रुम टु रिडको २००९ को अर्को अध्ययनले कक्षा २ का ५७ प्रतिशत बालबालिकाले राम्रोसँग अक्षर पढ्न नजानेको देखाएको छ (शिक्षा मन्त्रालय, २०७०) । यसै गरी सन् २०१४ मा शिक्षा मन्त्रालय माफत् ३३ जिल्लामा गरिएको अध्ययनले कक्षा ३ का १९ प्रतिशत र कक्षा २ का ३७ प्रतिशत विद्यार्थीहरूले छोटो अनुच्छेदको एउटा अक्षर पनि पढ्न सकेको देखिएन (USAID, 2014) । अनुसन्धानका यस्ता प्राप्तिहरू त छन् नै, तल प्रस्तुत गरिएका दुई घटना (case) ले नेपालको सन्दर्भमा पढाइ सिपको व्यावहारिक प्रयोगको अवस्थालाई पनि प्रतिविम्बित गर्दछन् ।

## अध्ययनको उद्देश्य

यो आलेख निम्न बमोजिमका उद्देश्यमा आधारित भएर तयार गरिएको छ :

१. विद्यालय शिक्षाको पाठ्यक्रम र पाठ्य पुस्तकमा भएको पढाइ सिपसँग सम्बन्धित विषय वस्तुको विश्लेषण कहाँ छ ?

२. विभिन्न उपलब्धि परीक्षणमा पढाइ सिपको उपलब्धि स्तर तुलना गर्ने,

३. पढाइ सिपका व्यावहारिक प्रयोगको अवस्था, समस्या र समाधान उपाय सुझाउने ।

## विधि

यो आलेख तयार गर्नका लागि विद्यालय शिक्षाको कक्षा १ देखि १० सम्मको पाठ्यक्रम, पाठ्य पुस्तक विश्लेषण, सेवाग्राही सर्वेक्षण, घटना अध्ययन, पठन बोधको सिकाइ उपलब्धि र अन्य अनुसन्धानहरूको अध्ययन विश्लेषण गरिएको छ ।

### सन्दर्भ

### घटना १

२०७१ कार्तिक २० गते सानोठिमीबाट लगनखेल आउँदै गरेको बसलाई बालकुमारीमा दुई जना युवतीहरूले रोके । सहचालकले सातदोबाटो, लगनखेल भन्दै यात्रु बोलाइरहेका थिए । ती दुई युवतीले बस रोकेर बस चढन मात्र के लागेका थिए, सहचालकले फेरि सातदोबाटो लगनखेल भन्दै कराए । यसपछि ती युवतीहरू ए लगनखेलको बस हो, हामी त कलङ्की जाने भनेर त्यो बस चढेनन् । बस अगाडि बढेपछि चालकले सोधे, "ए तिनीहरूले कति पढेका रहेछन् सोधेनस्, अगाडि यत्रो अक्षरमा लगनखेल लेखेको छ, पढ्नै जानेका रहेनछन् ।" चालकले सहचालकलाई सोधेको यो प्रश्नले हाम्रो विद्यालय शिक्षाले सिकाएको **पढाइ** सिपप्रति नै व्यङ्ग्य गरिरहेको छ ।

## घटना २

कम्तीमा १० कक्षा पढेका र सोभन्दा माथिको अध्ययन गरेका धेरै विद्‍यार्थी सानोठिमी परिसरमा विभिन्न कामले जाने गर्दछन् । सानोठिमी चोकमै शिक्षा विभागले सानोठिमी परिसरमा भएका कार्यालयको नक्सा (location map) राखेको छ । प्रस्ट देखिने गरी राखीएको भए तापनि यो केही सानो रहेको छ र योसँगै अर्को ठुलो बोर्ड राखेको छ एउटा प्राइभेट कन्सलटेन्सी फर्मले । सानोठिमी परिसरमा विभिन्न काम लिएर जाने विद्‍यार्थीमध्ये धेरैले यो नक्सा हेर्दैनन् र परीक्षा नियन्त्रण कार्यालय कहाँ पर्छ भन्दै २०० मिटरमाथि उच्च माध्यमिक शिक्षा परिषद् पुग्छन् । घटना १ को प्रत्यक्षदर्शी भएपछि सानोठिमी परिसरमा जाने विद्‍यार्थीमध्ये कतिले उक्त नक्सा अध्ययन गर्दछन् भन्ने जिज्ञासा पुरा गर्न एउटा सर्वेक्षण गर्ने अठोट गरेँ । २०७१ कार्तिक ३० गते बिहान १०:३० बजे म परीक्षा नियन्त्रण कार्यालयको गेट अगाडि उभिए । एक घण्टा उभिने भनेर गएको म आधा घण्टामै फर्किए । आधा घण्टाको समयमा ३४ जनाले परीक्षा नियन्त्रण कार्यालय, उच्च माध्यमिक शिक्षा परिषद्, शिक्षक सेवा आयोग, पाठ्यक्रम विकास केन्द्र र अनौपचारिक शिक्षा केन्द्रको स्थानका बारेमा जिज्ञासा राखेका थिए । उक्त समयमा मलाई विभिन्न स्थान सोध्नेमध्ये अधिकांश युवा युवती नै थिए । तीमध्ये सन्दर्भ मिलाएर मैले जम्मा ४ जनालाई तपाईंले तल राखेको बोर्ड हेर्नुभयो भनेर सोधेँजवाफमा कसैले पनि हेरेको बताएनन । सुरुमा सिधै परीक्षा नियन्त्रण कार्यालय पसेका ६ जना बाहिर निस्केर उच्च माध्यमिक शिक्षा परिषद् सोधका थिए भने ४ जना पहिले उच्च माध्यमिक शिक्षा परिषद्मा गएर परीक्षा नियन्त्रण कार्यालय फर्की आएका थिए । मोटरसाइकलमा हिड्नेहरू कतिपय परीक्षा नियन्त्रण कार्यालयभित्र पसेर निस्कन्थे भने कतिपय उच्च माध्यमिक शिक्षा परिषद् गएर तुरुन्त फर्किएर आउँथे । यी तथ्यले चोकमा राखिएको बोर्डको भन्दा पनि हाम्रो शिक्षा प्रणालीले विकास गरेको भाषिक सिपअन्तर्गत पढाइ सिपको सक्षमता उजागर गरेको छन् । बोर्ड त एउटा माध्यम मात्र हो ।

## कार्यालयको स्थान सोध्नेहरुको विवरण

| उच्च माध्यमिक शिक्षा परिषद् | परीक्षा नियन्त्रण कार्यालय | पाठ्यक्रम विकास केन्द्र | अनौपचारिक शिक्षा केन्द्र | शिक्षक सेवा आयोग | जम्मा |
|---|---|---|---|---|---|
| १९ | ११ | १ | १ | १ | ३४ |

(उक्त समयमा धेरै मानिसहरू आए तापनि स्थान सोध्नेहरूको तथ्य मात्र समावेश गरिएको छ । स्रोतः सर्वेक्षण, २०७१)

दुई जना युवतीले मलाई शिक्षा मन्त्रालय कहाँ पर्छ भनेर सोधे । शिक्षा मन्त्रालय त यहाँ होइन, तपाइहरूको काम के हो भनेर मैले सोधेपछि १२ कक्षाको मार्कसिट सच्याउने भनेर भने । यसै गरी २ जना (युवक र युवती) सँगै आएका थिए, उनीहरूले शिक्षा कार्यालय कहाँ पर्छ भनेर सोधे । मैलै कुन जिल्लाको शिक्षा कार्यालय भन्नुभएको यहाँ त छैन भनेपछि सँगै आएकी युवतीले परीक्षा नियन्त्रण कार्यालयको बोर्ड देखेर ए यही त हो नि भन्दै भित्र गए र तुरुन्त बाहिर निस्किए । अनि मैले तपाईँ

त भर्खरै यही हो भनेर भित्र जानु भएको थियो नि भनेर सोधेको यो त एसएलसीको रहेछ हाम्रो त १२ कक्षाको हो भनेर उच्च माध्यमिक शिक्षा परिषद्तर्फ लागे । आफैँहातमा बोकेर आएको आफ्नो मार्कसिटको माथि कुन कार्यालय अथवा संस्थाको नाम लेखेको छ भन्नेसम्मको हेक्का हुने हो भने मार्कसिट सच्याउँने संस्था कुन भनेर सोध्नुपर्ने थिएन । हाम्रो शिक्षाले यति सानो व्यावहारिक ज्ञान पनि दिन नसकेको अवस्था रहेछ ।

एकजना वयस्क पुरुषले ११ महिने तालिमको प्रमाणपत्र कहाँ पाइन्छ भनेर सोध्नु भएको थियो । कस्तो तालिम भनेको मैले त बुझिनँ भनेपछि पहिले १० महिने तालिम लिएरपछि ११ कक्षा पढेको भन्नुभयो । पहिलेको १० महिने तालिमको प्रमाणपत्र भए शैक्षिक जनशक्ति विकास केन्द्र र पछिल्लो १२ कक्षा भए उच्च माध्यमिक शिक्षा परिषद् हुनुपर्छ । तपाईँलाई कुन चाहिएको हो त्यही सोध्नु होला भनेर भने । यसले के देखाउँछ भने उक्त प्रमाणपत्र खोज्ने व्यक्ति पक्कै शिक्षक हुनुहुन्छ तर कुन निकायबाट आफूलाई कस्तो प्रमाणपत्र चाहिएको भन्नेमा पनि उहाँमा केही अस्पष्टता रहेको देखियो ।

दस/बार वर्ष विद्यालय शिक्षामा बिताएका व्यक्तिहरूमा आफ्नो प्रमाणपत्र कहाँ बन्छ, कुन निकायले उक्त प्रमाणपत्र सच्याउँछ भन्ने जानकारी छैन । एसएलसीको प्रमाणपत्र सम्बन्धी काम लिएर उच्च माध्यमिक शिक्षा परिषद् र एघार बार कक्षाको काम लिएर परीक्षा नियन्त्रण कार्यालयमा थुप्रै मानिस

"रिजल्ट निस्केको समयमा त १०० भन्दा पनि बढी हुन्छन् र अरू दिनमा पनि ३०/३५ जना त सधैं हुन्छन् । बोर्ड कसैले पढ्दैनन् । जहीतही बोर्ड राखेको छ । (वहाँ बसैकै स्थानमा पनि बोर्ड छ ।) कहिले कहीं झर्को लागेरमाथि बोर्ड राखेको छ पढ्न सक्दैनौ भन्छु म त । परीक्षा नियन्त्रण कार्यालय तलै छ यहाँमाथि आएर सोध्छन् । तलै हो भन्दा पनि नभएर कहाँनेर भन्छन् । हैरानै हुन्छ ।"

पुग्छन् । आधा घण्टा गेटमा बसेर फर्कँदा शिक्षा विभाग र पाठ्यक्रम विकास केन्द जाने चोकमा बदाम, चुरोट, डटपेन, फाइल आदि बिक्री गर्न बसेकी दिदीसँग, एकदिनमा तपाईँलाई कति जनाले परीक्षा नियन्त्रण कार्यालय, उच्च माध्यमिक शिक्षा परिषद् कता पर्छ भनेर सोध्छन भनेर प्रश्न सोधेको थिए, उहाँको भनाइ जस्ताको तस्तै :

## पाठ्यक्रम र पढाइ सिप

भाषाका चार सिपमध्ये पढाइ सिप एक हो । सिकाइको व्यावहारिक प्रयोगका दृष्टिबाट हेर्दा सुनाइ, बोलाइ र लेखाइभन्दा दैनिक जीवनमा प्रयोगका हिसाबले पढाइ सिप महत्त्वपूर्ण मानिन्छ । विद्यार्थीको भाषिक सिकाइ उपलब्धिका दृष्टिले पढाइमा मात्र नभइ समग्रमै सिकाइ उपलब्धि कमजोर भएको र लामो समयदेखि उल्लेखनीय प्रगति नभएको अवस्था छ (शिक्षा मन्त्रालय, २०१४) । कक्षा १ देखि ५ सम्मको पाठयक्रम २०६२ अनुसार पढाइ सिपसँग सम्बन्धित ३ उद्देश्य रहेका छन (पृष्ठ ७) । प्राथमिक तहको (१-३) को साधारण उद्देश्यमा ससाना सूचना विवरण पढेर आशय बुझ्न भन्ने छ भने कक्षा ३ को विशिष्ट उद्देश्यमा साइनबोर्ड र पोस्टरहरू पढ्न भन्ने छ । यस्तै कक्षा ४ मा पोस्टर, भित्तेपात्रो, हस्तलिखित सामग्री आदि पढ्न भन्ने उल्लेख गरिएको छ भने कक्षा ५ मा पोस्टर, भित्तेपात्रो,

हस्तलिखित र विज्ञापनका सामग्री आदि पढ्न । आधारभूत शिक्षा पाठ्यक्रम २०६९ अनुसार कक्षा ६ र ७ मा ८ ओटा र कक्षा ८ मा ९ ओटा पढाइ सिपसँग सम्बन्धित उद्देश्य तोकिएका छन् (पृष्ठ, २-५) र माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ अनुसार नेपाली विषयअन्तर्गत पढाइ सिपका विशिष्ट उद्देश्यमा ६ ओटा रहेका छन् (पृष्ठ ९-१२) ।

## पाठ्य पुस्तक


पाठ्य पुस्तकलाई शिक्षकको सहयोगी सामग्री मानिए तापनि हाम्रो सन्दर्भमा शिक्षकको एकमात्र शिक्षण सामग्री, सन्दर्भमा सामग्री अथवा पाठ्यक्रम भनेकै पनि पाठ्य पुस्तक भएको छ । वि.सं. २०६६ मा नुवाकोट जिल्लामा गरिएको एउटा अप्रकाशित अध्ययन अनुसार ३७ प्रतिशत प्राथमिक तहका शिक्षकहरू पाठ्यक्रमसँग परिचित नभएको पाइएको थियो भने ४८ प्रतिशत शिक्षकहरूलाई पाठ्यक्रमको ढाँचा र ७२ प्रतिशत शिक्षकलाई नेपाली विषयको पाठ्यभार प्रति हप्ता ८ हो भन्ने जानकारी नभएको पाइएको थियो । अध्ययनमा समाविष्ट ३० विद्यालयमध्ये १८ विद्यालयमा प्राथमिक तहको पाठ्यक्रम नभएको अवस्था भेटिएको थियो । यसरी हेर्दा हाम्रो समग्र विद्यालय शिक्षामा पाठ्य पुस्तक नै एक मात्र शिक्षण सामग्री, शैक्षिक योजना तथा सिकाइ क्रियाकलाप सबैथोक हो भन्दा अतियुक्ति नहोला ।

विद्यालयको शिक्षण सिकाइको एकमात्र सामग्री पाठ्य पुस्तकलाई पढाइ सिपको सन्दर्भमा रहेर अध्ययन गर्दा पाठ्यक्रमले निर्धारण गरेको माथि उल्लिखित पढाइ सिपसँग सम्बन्धित सिकाइ उपलब्धिका लागि कक्षा ३ मा उल्लिखित साइनबोर्ड र पोस्टरहरू पढ्न भन्ने उद्देश्यका लागि कक्षा ३ को पाठ्य पुस्तक अध्ययन गरिएको छ । कक्षा ३ को पाठ्य पुस्तकमा उक्त उद्देश्यसँग सम्बन्धित एउटा सूचना र एउटा पोस्टर राखीएको छ । उक्त सूचनाले कक्षा १ देखि ३ को साधारण उद्देश्य स-साना सूचना विवरण पढेर आशय बुझ्न भन्ने उद्देश्यलाई समेटेको छ, तर सूचनालाई पाठ्य वस्तुको रूपमा नभई पाठ १२ को अभ्यास खण्डमा राखीएको छ । अभ्यास खण्डमा भएका ९ ओटा प्रश्नमध्ये एउटा प्रश्न सूचना पढ र सोधिएका प्रश्नको उत्तर देऊ भन्ने उल्लेख छ । यसैगरी पाठ १४ को एउटा अभ्यासमा पोस्टर दिइएको छ र पोस्टर पढ र सोधिएका प्रश्नको उत्तर देऊ भन्ने उल्लेख छ । पोस्टर कस्तो हुनुपर्ने भन्ने र (विद्यार्थीको पूर्व ज्ञानमा आधारित नभई) पोस्टर पढेको आधारमा मात्र उत्तर दिन सक्ने हुनुपर्नेमा पोस्टरमा राखीएका चित्र हेरेर प्रश्नको उत्तर दिन सक्ने देखिँदैन । उदाहरणका लागि पोस्टरको चित्रमा दाँत माझ्दै गरेको मात्र देखिन्छ र प्रश्नमा किन दाँत माझ्नुपर्छ भन्ने छ । पढाइ सिप र पोस्टरको आशयअनुसार चित्र हेरेकै आधारमा प्रश्नको उत्तर दिन सकिने हुनुपर्छ तर दिइएको पोस्टरका आधारमा सोधिएका कुनै पनि प्रश्नको उत्तर दिन सकिने देखिँदैन । पोस्टरमा हुनुपर्ने विशेषताहरू नै पुरा नभएको पोस्टर पाठ्य पुस्तकमा प्रयोग भइरहेको अवस्था छ । यस्तै कक्षा ४ मा पोस्टर, भित्तेपात्रो, हस्त लिखित सामग्री आदि पढ्न भन्ने उल्लेख गरिएको छ । भने कक्षा ५ मा पोस्टर, भित्तेपात्रो, हस्त लिखित र विज्ञापनका सामग्री आदि पढ्न भन्ने पढाइ सिपसँग सम्बन्धित उद्देश्य रहेको छ । जनक शिक्षा सामग्री केन्द्रले २०६८ मा प्रकाशन गरेको कक्षा ५ को नेपाली विषयको पाठ्य पुस्तकमा अन्तिम पृष्ठ १३२ को आधा पृष्ठमा एउटा मात्र भित्ते पात्रो समावेश गरिएको छ, त्यो पनि पाठ २२ को अभ्यासअन्तर्गत प्रश्न नं. १४ मा ।

प्राथमिक तहमा कक्षाअनुसार पढाइ सिपका लागि छुट्याइएको पाठ्यभार वितरण ग्राफ १ मा प्रस्तुत गरिएको छ ।

प्राथमिक तहका कक्षाहरूका भाषाका सिपअन्तर्गत पाठ्यभारको वितरण गरिएको छ भने सिपको छुट्टै वितरण दिइएको पाइँदैन । पाठ्यभारको वितरण हेर्दा कक्षा १ मा २० प्रतिशत छ भने कक्षा ५ मा ३५ प्रतिशत रहेको छ तर पाठ्य पुस्तकका अधिकांश अभ्यासहरू पठन बोधमा आधारित छन् भने अभ्यासहरू भाषिक सिप र व्याकरणमा केन्द्रित देखिन्छन् । पाठ्यक्रमले व्याकरणका लागि ५ प्रतिशत मात्र भार छुट्याएको छ तर पाठ्य पुस्तकका अधिकांश अंश व्याकरणका अभ्यासले भरिएका छन् ।

**ग्राफ १ : पाठ्यक्रममा पढाइ सिपको पाठ्यभार**





**स्रोत : प्राथमिक शिक्षा पाठ्यक्रम १-५**

माथिल्ला कक्षाहरूमा पढाइ सिपका विशिष्ट उद्देश्य उल्लेख गरिएको छैन । सूचना, पोस्टर, नक्सा, विज्ञापन पढ्ने कुराहरूलाई हाम्रो विद्यालय शिक्षाको पाठ्यक्रम र पाठ्य पुस्तकले उल्लेख्य मात्रामा समावेश गर्न सकेको देखिँदैन । समाविष्ट भएको प्राथमिक कक्षाको पनि पाठ्यक्रममा मात्र समावेश भएको देखिन्छ । पाठ्य पुस्तकमा नमुनाको रूपमा राखीएको अभ्यासको एउटा प्रश्नले पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य पुरा गर्न सक्ने आधार देखिँदैन ।

**पढाइ सिपको उपलब्धि**

शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट शैक्षिक सत्र २०६८ मा गरिएको कक्षा ८ र २०६९ मा गरिएको कक्षा ३ र ५ को नेपाली विषयको उपलब्धि परीक्षणका लागि तयार गरिएको प्रश्न सेटमा पढाइ सिपअन्तर्गत पठनबोधका अनुच्छेद, पोस्टर, भित्तेपात्रो, सूचना, नक्सा जस्ता सामग्री राखीएका थिए र त्यसकै आधारमा प्रश्नहरू सोधिएका थिए । यसरी सोधिएका पढाइसँग सम्बन्धित सबै प्रश्नको योगफललाई प्रतिशतमा रूपान्तरण गरी औसत उपलब्धि स्तर उल्लेख गरिएको छ । जसको नतिजा ग्राफ २ मा प्रस्तुत गरिएको छ ।

**ग्राफ २ : पठनबोधको सिकाइ उपलब्धि**




**स्रोत : शैक्षिक गुणस्तर परीक्षण केन्द्र**

ग्राफमा हेर्दा संस्थागत विद्यालयका विद्यार्थीको पढाइ सिपको उपलब्धि सामुदायिक

विद्यालयको तुलनामा राम्रो देखिन्छ भने कक्षागत आधारमा हेर्दा माथिल्लो कक्षामा यसको उपलब्धि कमजोर देखिन्छ । कक्षा ६ देखि १० सम्मको पाठ्यक्रमले पढाइ सिपका उद्देश्यहरूलाई विशिष्टीकृत गरे पनि पढाइ सिपमा वास्तविक समेटिनु पर्ने सूचना, पोस्टर, विज्ञापन, नक्सा, निर्देशन आदिका पठन सामग्री न्यून छन् । भाषिक सिपका चार पक्षमध्ये पठन सिपसँग सम्बन्धित पठनबोध सामग्रीहरूको मात्र प्रभाव रहेको देखिन्छ । पाठको आधारमा विकास हुनुपर्ने पठन बोधको सिपतर्फ अभ्यासमा पनि ध्यान दिइएको छ । प्राथमिक तहमा पठन सिपसँग सम्बन्धित विभिन्न विशिष्ट उद्देश्य निर्धारण गरिएको भए तापनि पाठ्य पुस्तकमा पठन सामग्रीको अवस्था कमजोर रहेको देखिन्छ । पाठ्यक्रमका आधारमा तयार गरिएको पाठ्य पुस्तक पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य परिपूर्तिका लागि कमजोर देखिन्छन् ।

यसै गरी सेभ द चिल्ड्रेनको Literacy Boost: International Literacy day 2011 को सामग्रीअनुसार ग्वाटेमाला, हैटी, इथोपिया र नेपालमध्ये १ मिनेटमा एक वा सोभन्दा बढी शब्द पढ्न नसक्ने विद्यार्थीको प्रतिशत सबैभन्दा बढी (४२ प्रतिशत) नेपालमा देखिएको छ । तथापि यो अध्ययन कैलाली र कन्चनपुरका कक्षा ३ का ५१४ विद्यार्थीमा मात्र गरिएको थियो । हेर्नुहोस ग्राफ ३ ।

**समस्या**

नेपालको सन्दर्भमा पढाइ सिपसँग सम्बन्धित रहेर गरिएको यो अध्ययनका आधारमा यसका समस्याहरूलाई यस प्रकार उल्लेख गर्न सकिन्छ ।

१. प्राथमिक तहमा पाठ्यक्रममा पढाइ सिपका विशिष्टीकृत उद्देश्य रहे पनि कार्यान्वयनमा त्यसको प्रभाव न्यून रहनु ।

२. आधारभूत र माध्यमिक तहमा विशिष्टीकृत उद्देश्य नभएका र भएका भए पनि साधारण उद्देश्य पठन बोधमा बढी केन्द्रित हुनु ।

३. पाठ्य पुस्तकमा पठन बोधका मात्र सामग्री बढी समावेश गरिनु ।

४. शिक्षण सिकाइ क्रियाकलाप पाठ्य पुस्तकमा मात्र आधारित हुनु ।

५. पढाइ सिपसँग सम्बन्धित गति, शुद्धता र बोध जस्ता पक्षहरूलाई कक्षा कोठाको शिक्षणमा ध्यान दिन नसक्नु ।

६. शिक्षण सिकाइ क्रियाकलाप भाषिक सिप सिकाउनेभन्दा पनि पाठ्य पुस्तक पढाएर सकाउनेतर्फ लक्षित हुनु ।

७. पढाइ सिपलाई पाठको मौखिक वा सस्वर पठनसँग मात्र सम्बन्धित गराइनु । पठन बोधका पाठमा निष्कर्ष निकाल्ने (inferential) खालका सामग्री र अभ्यासको अभाव हुनु । समस्या सावधानको लागि भएका प्रयासहरू के के छन त ?

**समाधानका उपायहरु**

**माथिका सामग्रीका आधारमा समस्याको** Elaboration **र समाधानका ठोस र व्यावहारिक उपाय दिने ।**

पढाइ सिपसँग सम्बन्धित पाठ्यपुस्तक, शिक्षण सिकाइ क्रियाकलाप र उपलब्धिसँग सम्बन्धित समस्याहरू समाधानका लागि निम्न उपायहरू प्रभावकारी हुन सक्ने देखिन्छ ।

१. पाठ्यक्रममा पढाइ सिपका उद्देश्यहरू विशिष्टीकृत रुपमा स्पष्ट उल्लेख गरी सबै तहको पाठ्यक्रममा विस्तृतीकरण स्रोत दिइनु पर्ने ।

२. पाठ्य पुस्तकको बढ्दो प्रयोगलाई न्यूनीकरण गर्न पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिने ।

३. पाठ्य पुस्तकमा पढाइ सिपसँग सम्बन्धित अध्ययन सामग्री विद्यागत पढाई सामग्री (नक्सा, चित्र, तालिका, चार्ट) को प्रयोगमा जोड दिने ।

४. विद्यालयको नियमित मूल्याङ्कन प्रक्रियामा पढाइ सिपको परीक्षण गर्ने पद्धति विकास गर्ने ।

५. विभिन्न भाषिक सिप विकासका लागि श्रव्य, दृश्य सामग्रीको विकास, उत्पादन र वितरण गर्ने ।

६. शिक्षकका लागि पढाइ सिप शिक्षणको व्यावहारिक तालिम र तालिम कार्यान्वयनको सुनिश्चितता गर्ने ।

७. शिक्षण सिकाइ क्रियाकलापको प्रभावकारी अनुगमन प्रणाली र कार्य सम्पादनमा आधारित शिक्षक मूल्याङ्कन प्रणाली विकास गर्ने ।

**निष्कर्ष**

भाषिक सिपका दृष्टिले हेर्दा साच्चिकै दैनिक प्रयोगमा आउने सिपहरूमध्ये सुनाइ र बोलाइपछिको सिप पढाइ हो । हाम्रो विद्यालय शिक्षाको पाठ्य पुस्तकमा सुनाइ र बोलाइका विषय वस्तु कम मात्र समाविष्ट हुन सकेका छन् नै । सिंगो पाठ्य पुस्तक पनि पठनबोधका पाठ र व्याकरणकेन्द्रित अभ्यासले मात्र भरिएका छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य परिपूर्ति हुने र वितरण गरिएको पाठ्यभार अनुसार पढाइ सिपका पाठ्य वस्तु कमजोर हुनुमा नै विद्यार्थीमा पढाइ सिपको वास्तविक अभ्यास कमी हुनु हो । यसर्थ पाठ्यक्रमको पाठ्यभार र विशिष्ट उद्देश्य सम्बोधन हुने गरी पाठ्य पुस्तक विकास गर्नुका साथै पढाइ सिपलाई पाठ मात्र पढ्ने सिपसाथै यसका वास्तविक र व्यावहारिक पक्षमा ध्यान दिनु आवश्यक छ ।

**सन्दर्भ सामग्री**


जिल्ला शिक्षा कार्यालय, (२०६८), **नुवाकोट जिल्लामा स्थानीय पाठ्यक्रम कार्यान्वनको अवस्था र चुनौती**, अप्रकाशित प्रतिवेदन, नुवाकोट ।

पाठ्यक्रम विकास केन्द्र (२०६८), **विद्यालय तहको कक्षा १ देखि १० सम्मका नेपाली विषयका पाठ्य पुस्तक**, भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६२, २०६३, २०६४ र २०६९), **विद्यालय तह (प्राथमिक, आधारभूत र माध्यमिक) को पाठ्यक्रम**, भक्तपुर ।

शिक्षा मन्त्रालय (२०७०), **शैक्षिक बुलेटिन**, वर्ष १, अङ्क १, काठमाडौं ।

Education Review Office (2012 & 2013). National Assessment Report of Grade 3, 5 & 8. Bhaktapur: Author.

Ministry of Education (2014). National Early Grade Reading Program (2014/15-2019/20). Kathmandu: Author.

Research Triangle Institute (2011). Early Reading: Igniting Education for All. Author.

UNESCO (2012). Youth and skills: Putting education to work. Paris: Author.

USAID (2014). Nepal Early Grade Reading Assessment (EGRA) Study Report. USAID/Nepal.

www.brookings.edu/~/media/events/2011/9/08%20international%20literacy/amy_jo_dowd_save_the_children.pdf. Retrieved on 2014, November 25.